● नविना थापा

# कालचिनी क्षेत्रका आदिवासी जनजाति (सादरी भाषी) र तिनका संस्कार एवम् संस्कृति

**सार**

आदिवासी जाति कालचिनी क्षेत्रमा बसोबास गर्ने जनजाति मध्ये एउटा जाति हो। आदिवासी जातिलाई आदिम जाति मात्र नभएर सादरी भाषी, नागपुरी, सदानी भनेर पनि चिनिन्छ। यस क्षेत्रका आदिवासी जातिहरूमा देवी–देवता मान्ने प्रथा, धामी परम्परा, धार्मिक उत्सव र सामाजिक संस्कार जस्ता लोकविश्वासगत कुरा देख्न पाइन्छ। प्रस्तुत पत्रले सोही कुरा लिएर आदिवासी जनजाति र तिनका संस्कार एवम् संस्कृतिका केही पक्ष हेर्ने प्रयास गरेको छ।

**बीज शब्द** : जनजाति, संस्कार, संस्कृति, आदिवासी, सादरी

## १. कालचिनी क्षेत्रको परिचय

कालचिनी क्षेत्र पश्चिम बङ्गाल राज्यको अलिपुरद्वार जिल्लाअन्तर्गत डुवर्स क्षेत्रमा अवस्थित रहेको छ। अक्षांशीय र देशान्तरीय विस्तारका हिसाबमा यो क्षेत्र २६.१६$^0$ देखि २०.०$^0$ उत्तरी अक्षांशभित्र र ८४.४$^0$ देखि ८९.५३$^0$ पूर्वी देशान्तरसम्म फैलिएको छ। ८९२.५७ वर्ग किलोमिटर भू–भागमा स्थित कालचिनी क्षेत्रको उत्तरतर्फ छिमेकी भुटान, पूर्वमा अलिपुरद्वार २ र कुमारग्राम क्षेत्र, दक्षिणतर्फ अलिपुरद्वार नगरपालिका र अलिपुरद्वार १, पश्चिमतर्फ मदारीहाट क्षेत्र र तोर्सा खोला[१] पर्दछन्।

१. कालचिनी क्षेत्रीय कार्यालयबाट प्राप्त तथ्याङ्क अनुसार (दिनाङ्क १२.३.२०१५)

यस क्षेत्रअन्तर्गत एघारवटा ग्राम पञ्चायत, एक्काईसवटा चियाकमान, उन्नाईसवटा डाकघर र बाह्रवटा ब्याङ्क शाखाहरू आउँछन्। सन् २०११ को जनसङ्ख्याअनुसार कालचिनी क्षेत्रको कुल जनसङ्ख्या २७९६५२ (दुई लाख उन्नासी हजार छ सय बाउन्न) रहेको छ। क्षेत्रीय सर्वेक्षणअनुसार कालचिनी क्षेत्रमा कुल जनसङ्ख्याको ४०% भागमा आदिवासी जाति बसोवास गर्छन् भनी अनुमान लगाउन सकिन्छ।[२]

### २. जनजाति शब्दको अर्थ

जनजाति शब्द जन र जाति शब्द मिलेर बनेको हो। जनजाति शब्द ट्राइबल (Tribal) शब्दको नेपाली पर्याय हो। 'जन' को सामान्य अर्थ मनुष्य, मान्छे, प्रजा, लोक र जातिको अर्थ देश, भाषा, संस्कृति आदिका आधारमा विभाजित अथवा छुट्टिएको मानव समाज हुन्छ।

- नेपाली वृहत शब्द  कोश अनुसार जनजाति शब्दको अर्थ– **आफ्नै भाषा, धर्म, संस्कृति परम्परा रीति, रिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने ज्ञान विज्ञानका हिसाबले केही पछि परेको पछौटे जाति, २. शिकार खेली जीविका चलाउने आदिम जातिको समुदाय, ३. आदिवासी**[३] रहेको छ।
- यसरी नै प्रयोगात्मक नेपाली शब्दकोश अनुसार जनजाति शब्दको अर्थ– **कुनै भू–भागमा प्राचीन समयदेखि बसोबास गरेको  जाति २.कुनै देश वा प्रदेशमा अज्ञात कालदेखि बसोबास गर्दै आएको जाति**[४] रहेको छ।

उपर्युक्त शब्दकोशबाट प्राप्त जनजातिको अर्थका आधारमा जनजाति भन्नाले कुनै निश्चित ठाउँमा बसोबास गर्ने आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा र रीति रिवाज भएका र ज्ञान विज्ञानका हिसाबले पछौटे जातिलाई नै जनजाति भन्न सकिन्छ। अर्थात् छुट्टै सामूहिक सांस्कृतिक पहिचान भएको आफ्नो परम्परागत भौगोलिक क्षेत्र भएको, लिखित र मौखिक साहित्य आदि विशेषता भएको जातिलाई नै जनजाति भनेर चिनिन्छ।

### ३. आदिवासी शब्दको अर्थ

आदिवासी शब्द  आदि र वासी शब्द मिलेर बनेको हो जसको सामान्य अर्थ आदिम  निवासी

२. कालचिनी क्षेत्रीय सर्वेक्षण गर्दा प्राप्त जानकारी।(प्रमाणित तथ्य अप्राप्त, दिनाङ्क २३.५.२०१५)

३. कृष्णप्रसाद पराजुली(सम्पा), नवौं संस्करण, वि स २०७२, नेपाली वृहत शब्दकोश, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ स ४४४

४. हेमाङ्ग राज अधिकारी (प्र सम्पा), दोस्रो संस्करण, वि स २०७०, प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं, विद्यार्थी प्रकाशन प्रा लि, पृ स ६६

हुन्छ। आदिवासी शब्द अङ्ग्रेजी एबऔरिजिनल (Aboriginal) शब्दको नेपाली पर्याय हो। प्रयोगात्मक नेपाली शब्दकोशले आदिवासी शब्दलाई कुनै भूभागमा प्राचीन समयदेखि बसोवास गरेको जाति, कुनै देश वा प्रदेश बन्नु भन्दा पहिलेदेखि बसोवास गर्दै आएको जाति भन्ने अर्थमा लिएको छ।[५]

अतः आदिवासी शब्दले कुनै भूभागमा पहिलादेखि बसोबास गरेको जाति भनी बुझाउँछ।

### ४. आदिवासी जनजाति : परिचय

आदिवासी जनजाति शब्द कुनै निश्चित क्षेत्रमा पहिलादेखि बसोबास गर्ने ज्ञान-विज्ञानका हिसाबले केही पछि परेको पछौटे जाति मात्र नभएर सादरी भाषीका सन्दर्भमा लिइएको शब्द हो। भारतका प्रमुख आदिवासी समुदायहरूमा **धनुवार/धनुहार, सन्थाल, मुण्डा, खडिया, उराँव** आदि आउँछन्। विशेष गरी आदिवासी जाति भारतको छत्तीसगढ, झारखण्ड, पश्चिम बङ्गाल राज्यमा धेरै सङ्ख्यामा बसोवास गर्छन्।

आदिवासी जनजातिको सन्दर्भमा वीर भारत तलवारले **'झारखंड के आदिवासियों के बीच एक एक्टीविस्ट के नोट्स'** पुस्तकमा आफ्ना विचार यसरी व्यक्त गर्छन्- भारतको ४२६ कुल जातिहरू झारखण्ड प्रदेशमा बसोबास गर्छन्। यस मध्ये सन्थाल, मुण्डा, उरावँ, खडिया आदि जाति भारतमा धेरै सङ्ख्यामा भएको आदिवासी जाति हुन्।[६]

यस अतिरिक्त **पीटर शान्ति नवरंगी ये से**-ले **नागपुरिया सदानी व्याकरण** पुस्तकको भुमिकामा आदिवासी जनजातिका सम्बन्धमा आफ्ना विचार यसरी व्यक्त गरेका छन्- **ईस्वी सन्को दोस्रो शताब्दीदेखि मुण्डा, उरावँ र खडिया आदि जातिहरू यस (झारखण्ड) भूखण्डमा बसोबास गर्न थाले, आज यसकै वंशजलाई नै आदिवासी भनिन्छ।**[७]

आदिवासी जनजाति सम्बन्धी विद्वानहरूका विचारलाई हेर्दा आदिवासी जनजाति भन्नाले झारखण्डमा मात्र नभएर विभिन्न स्थानहरूमा रहेका उरावँ, खडिया, मुण्डा, सन्थाल आदि जनजाति भनी बुझिन्छ।

### ४.१ सादरी भाषा

सादरी भाषा आदिवासी जातिहरूको जनसम्पर्कको भाषा हो। सादरी भाषालाई नागपुरिया, सदनी भाषा पनि भनिन्छ। सादरी भाषा सम्बन्धी विद्वानहरूको विचारलाई तल यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

५. हेमाङ्ग राज अधिकारी (प्र सम्पा), दोस्रो संस्करण, वि स २०७०, प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं, विद्यार्थी प्रकाशन प्रा लि, पृ स ११६

६. वीर भारत तलवार, सन् २००८, झारखंड के आदिवासियों के बीच एक एक्सीविष्ट के नोट्स, नयी दिल्ली, भारतीय ज्ञानपीठ, पृ स ६८६

७. पीटर शान्ति नवरंगी ये से, संस्करण र प्रकाशन साल अप्रकाशित, नागपुरिया सदानी बोली का व्याकरण, पृ स ५

- **विश्वेश्वर प्रसाद केशरीले नागपुरी भाषा र साहित्य** पुस्तकमा – सादरी भाषाको विकास अर्धमगधी प्राकृतबाट भएको हो र यो भाषा इन्डो युरोपियन, इन्डो इरानियन र विभिन्न भाषाबाट मिश्रित एवम् विकसित भएको भाषा हो[८] –भनेर भनेका छन्।
- **ग्रियर्सन**अनुसार नागपुरिया/सादरी भाषाको उत्पत्ति मागधी भाषाको अपभ्रंश भएर भएको हो।[९]
- **नागपुरी लोक साहित्य** पुस्तकमा भुवनेश्वर अनुजले सादरी भाषासम्बन्धी आफ्ना विचार यसरी व्यक्त गर्छन्– **नागपुरी भाषालाई सादरी भाषा पनि भन्न सकिन्छ। सादरी भाषासम्बन्धी कतिपय विद्वानहरूले भिन्ना भिन्न विचार प्रस्तुत गरेका छन्। हाम्रो विचारमा सदरी शब्द जाति सूचक शब्द हो र यसको सम्बन्ध सदान जातिसँग गाँसिएको हुन्छ। सदानी शब्दलाई नै सदरी पनि भनिन्छ। यस क्षेत्रको (झारखण्ड) गैर आदिवासीहरूलाई सदान भनिन्छ र उनीहरूले बोल्ने भाषालाई सदरी भाषा भनिन्छ।**[१०]
- यसरी नै **शकुन्तला मिश्र** र **उमेश नन्द तिवारी**ले आफ्ना पुस्तक **नागपुरी (सदानी) व्याकरणमा– नागपुरी झारखण्डको प्राचीन भाषा हो। नागवंशी राज्य कालमा नागपुरी भाषालाई राज भाषाको दर्जा दिइएको थियो। यस भाषालाई सदानी, सदरी, सादरी, गंवारी, गंउली नागपुरिया आदि नाउँबाट पनि चिनिन्छ।**[११] –भन्दै सादरी भाषासम्बन्धी आफ्ना विचार व्यक्त गरेका छन्।

### ४.२ कालचिनी क्षेत्रका आदिवासी जनजाति

आदिवासी जाति नेपाली जाति जस्तै कालचिनी क्षेत्रका सबै ठाउँहरूमा धेरै मात्रामा बसोवास गर्ने जनजाति हुन्। यस जातिमध्ये पनि यस क्षेत्रमा उराँव जाति धेरै सङ्ख्यामा पाइन्छ। यस क्षेत्रमा **मुण्डा, खडिया, एक्का, टोप्पो, चिक बराइक, बाघवार** अर्थात् **उराँव, सन्थाल** आदि गोत्र भएका आदिवासी जाति बसोवास गर्छन्।[१२]

८. विश्वेश्वर प्रसाद केशरी, सन् १९७१, नागपुरी भाषा र साहित्य, राचीं, पृ स २

९. शकुन्तला मिश्र र डा उमेश नन्द तिवारी (सम्पा), दोस्रो संस्करण, सन् २०१३, नागपुरी (सदानी) व्याकरण, झारखण्ड झरोखा, राँची, पृ स

१०. भुवनेश्वर अनुज, तृतीय संस्करण, सन् २०१३, नागपुरी लोक साहित्य, झारखण्ड झरोखा, राँची,पृ स ७

११. शकुन्तला मिश्र र डा उमेश नन्द तिवारी(सम्पा), दोस्रो संस्करण, सन् २०१३, नागपुरी (सदानी) व्याकरण, झारखण्ड झरोखा, राँची, पृ स ८

१२. कालचिनी क्षेत्र निवासी र कालचिनी बङ्गाल सारना समाजका सदस्य जावाल बाघवारबाट प्राप्त जानकारी, दिनाङ्क ०१.०३.२०१६

आदिवासी जातिलाई यस क्षेत्रमा सादरी भाषी, सन्थाली, नागपुरिया, र मधेसिया नामले पनि चिनिन्छ।

### ५. आदिवासी जातिको संस्कार र संस्कृति

#### ५.१ आदिवासी जातिले मान्ने देवी-देवता

आदिवासी जाति **जन्मदेखि** प्रकृति पूजक हुन्छन्। उनीहरू जङ्गल-पहाड, जून, पृथ्वी, आगो, पानी, हावा, खोला-नाला र घामको आराधना गर्छन्। उनीहरूले मान्ने प्रमुख देवतालाई **धर्मेस देवता** भनिन्छ। यिनीहरूको विचारअनुसार **धर्मेस देवता** नै परमसत्ता हुन्। **धर्मेस देवता**का अतिरिक्त उनीहरू **चण्डी देवी** र **चुल्हा देवी**को पनि आराधना गर्छन्।

#### ५.२ धामी परम्परा

कालचिनी क्षेत्रका आदिवासी जनजातिमा धामी-झाँक्री चलाउने परम्परा पाइन्छ। उनीहरू धामी-झाँक्रीलाई पाहन भन्छन्। विभिन्न पर्वहरू जस्तै **करम पूजा, जितिया पूजा, जात्रा, गुहाली पूजा, गाउँ पूजा** आदि साथै विभिन्न संस्कार आदिमा उनीहरू पाहन चलाउँछन्। पाहन विशेषगरी भगत (**पूजा पाठ गर्ने पुजारी**) हुने गर्छन्। गाउँ (**घर गाउँमा गरिने पूजा**) पूजा गर्नका निम्ति गाउँबाटै कुनै वृद्ध मानिसलाई पुजारीका रूपमा चुनाव गरिन्छ। यस्ता **पुजारी**लाई उनीहरू **नेग** भन्छन्। पाहन र नेगलाई उनीहरू **धर्मेस देवता**का सेवकका रूपमा मान्ने गर्छन्।

#### ५.३ लोकविश्वास

कालचिनी क्षेत्रका आदिवासी समाजमा थुप्रै लोकविश्वासगत धारणा पाइन्छन्। यिनीहरूमा धामी-झाँक्री, बोक्सी-डायनी, भूत-प्रेत, शकुन-अपशकुनसम्बन्धी लोकविश्वासगत कुरा पाइन्छ। आदिवासी समाज भूतलाई **छिटा** र भूतले समातेको मान्छेलाई **छिटा धरल आदमी** भन्ने गर्छन्। यिनीहरूको विश्वाासअनुसार भूत-प्रेत खोला- नाला, एकान्त ठाउँ, भिर-पहरामा वास गर्छन्। गाउँबाट भूत भगाउनका निम्ति उनीहरू वर्षमा एकपल्ट गाउँ पूजा गाउँका पाहन वा नेगद्वारा गर्छन्। यस क्षेत्रका उराँव जातिमा पुनर्जन्ममाथि विश्वास रहेको पाइन्छ। उनीहरूको लोकविश्वासअनुसार मृतक व्यक्तिको कुनै पनि रूपमा जन्म हुन सक्छ। त्यसकारण उनीहरू मृतक व्यक्ति मरेको दिन नै कुनै पशु वा नानीको जन्म भए शुभ मान्छन्। आदिवासी जातिमा **नाद भूत, चुल्हा नाद, असुर भूत, शिकारियो भूत, जोदा भूत** आदि भूत हुन्छन् भन्ने विश्वास पाइन्छ। यस्ता भूतहरूले विशेष गरी गाउँका बुढा-पाका, सुत्केरी स्त्री, तन्नेरी युवक/युवती र साना नानीहरूलाई सताउने गर्छन् भन्ने जनविश्वास पाइन्छ।

आदिवासी समाजमा निधारमा खोप्ने प्रथा रहेको छ जसलाई उनीहरू **खुदा** भन्छन्। खुदा चिह्न जातअनुसार हुने गर्छन्, जस्तै– **मुण्डा जातिमा बिन्दु (.), खडिया जातिमा योग (+), उराँवमा एकसय एघार (१११)**। यसरी निधारमा खोपिएको चिह्नद्वारा आदिवासी मानिस कुन जातभित्रका जाति हुन् भन्ने कुरा स्पष्ट हुन्छ। निधारमा खोप्ने स्त्री भाग्यमानी हुन्छन् भन्ने उनीहरूमाझ विश्वास रहेको पाइन्छ।[१३]

### ५.४ धार्मिक उत्सव

आदिवासी जाति मूलत: प्रकृति पूजक हुनाले उनीहरू साल वृक्ष, करम वृक्ष र पीपल वृक्षको उपासना गर्छन्। यिनीहरूको विश्वासानुसार प्रकृति नै सबै कुरो हो, प्रकृति नष्ट भए आदिम जातिको कुनै अस्तित्व हुँदैन। आदिवासी जातिमा मनाइने चाडहरूमध्ये **सारहुल पर्व** (खद्दीन पर्व), **करम पर्व** र **जितिया पर्व** मुख्य रहेका छन्। सारहुल पर्व चैत महिनाको शुक्ल पक्ष तृतीयाका दिन मनाइन्छ। यस पर्वलाई **खद्दी** पर्व पनि भनिन्छ। (खद् को अर्थ उराँउ भाषामा छौडा अर्थात् बालक हुन्छ। उराँव लोकविश्वासानुसार राक्षसको आतङ्कबाट गाउँको बालकद्वारा उद्धार भएको कारणले यस पर्वलाई **खद्दी पर्व** पनि भनिन्छ[१४]) यस पर्वमा कृषिकार्य राम्रो होस् भनेर धर्मेस देवतासँग प्रार्थना गरिन्छ। सारहुल पर्व वा खद्दी पर्वपछि भदौ एकादशीका दिन **करम पर्व** मनाइन्छ। करम पूजालाई उनीहरू करमा पूजा (कर्मको पूजा) पनि भन्छन्। यो भाइ–बहिनीको पवित्र प्रेमलाई आधार मानेर मनाइने पर्व हो। करम पूजाको १५ दिन पश्चात् बिहे भएकी महिलाद्वारा **जितिया पर्व** मनाइन्छ। यो पर्व घर परिवारको समृद्धिका लागि मनाइन्छ। जितिया पर्व पश्चात् यस क्षेत्रमा **सोहराई पूजा** कार्तिक अमावस्याका दिन मनाइन्छ। यस पर्वमा गोरया देवतासँग पशु र धनको समृद्धि होस् भनी प्रार्थना गरिन्छ। यसका अतिरिक्त यस क्षेत्रमा असारी पर्व, जात्रा पर्व र नवा खानी पर्व पनि मनाइन्छन्। **नवा खानी पर्व**लाई **तुस्गो पर्व** पनि भनिन्छ। **तुस्गो**को अर्थ **नया खानी** हो। **असारी पर्व** र **नवा खानी पर्व** नयाँ धान पाकेको खुसीमा यस क्षेत्रमा मनाइन्छ। यस पर्वमा पूर्वज र सर्वशक्तिमान परमेश्वर धर्मेस देवताको पूजा गरिन्छ। उनीहरूको विश्वासअनुसार पूर्वज वा पिता–पुर्खा र धर्मेस देवताकै कृपाले अन्नको प्राप्ति हुन्छ र यसरी पूजा गरेर यी देवताहरूलाई नयाँ धान नचढाए कुल देवता र धर्मेस देवता रिसाएर अन्नबाली नष्ट हुन्छन् भन्ने धारणा पाइन्छ। यसरी पूजा नगरेसम्म उनीहरू नौलो बाली वा अन्न ग्रहण गर्दैनन्।

---

१३. कालचिनी क्षेत्र निवासी अनिमा जोजोबाट प्राप्त जानकारी। (दिनाङ्क २४.३.२०१५, हस्तलिखित पाण्डुलिपि)

१४. कालचिनी क्षेत्र निवासी र कालचिनी बङ्गाल सारना समाजका सदस्य जावाल बाघवारबाट प्राप्त मौखिक जानकारी, (दिनाङ्क ०१.०३.२०१६)

यस्ता पर्व र उत्सवहरू मनाउँदा उनीहरू आफ्ना **पितृ वा पुर्खा** (कुल देवता), **धर्मेस देवता, गोरया देवता** (पशुका देवता) आदि देवतालाई भोग प्रसादमा **जाँड** (हँडिया), **कुखुराको मासु र रगत, सिन्दुर, धूप, करमको** (वर-पिपलको हाँगा) **हाँगा, तेल, चामल, अण्डा, सुँगुरको मासु, फूल** (जवा फूल) आदि चढाउने गर्छन्। अचेल कतिपय आदिवासी समाजमा पशु हत्या नगरेर फल-फूल चढाउने प्रथाको पालन गरिएको देख्न पाइन्छ।[१५]

## ६. आदिवासी जातिको सामाजिक संस्कार

### ६.१ जन्म संस्कार

जन्म संस्कार आदिवासी जातिहरूमा पाइने संस्कारहरूमध्ये महत्त्वपूर्ण संस्कार हो। जन्म संस्कार आदिवासी समाजमा बालकको जन्म हुनु भन्दा अघिदेखि नै अर्थात् गर्भ अवस्थादेखि नै पालन गरिन्छ जसलाई कुडुख भाषामा **जोदा कमना** भनिन्छ। यो संस्कार आदिवासी समाजमा गर्भ धारण गरेको २ वा ५ महिनाभित्रै सम्पन्न गरिन्छ। **जोदा कमना** (जन्म संस्कार) गरे बालक स्वस्थ जन्मन्छ भन्ने धारणा आदिवासी समाजमा रहेको पाइन्छ। बालकको जन्म भए पश्चात् ७ वा १० दिनमा न्वारन गरिने चलन रहेको छ। न्वारनलाई उनीहरू **छट्ठी** भन्छन्। **छट्ठी**कै दिन नवजात बालकको सिर मुण्डन गरिन्छ। छट्ठीकै दिन नवजात बालकको सिर मुण्डन नगरिए परिवार अशुद्ध नै मानिन्छ। बालकको शुद्धिकार्य पश्चात् गाउँका मानिसहरूलाई भोज खुवाइन्छ। नवजात बालक केही ठुलो भएपश्चात् कान छेडने प्रथा पालन गरिन्छ त्यसलाई उनीहरू **कनबेधी** संस्कार भन्छन्। कतिपय आदिवासी समाजमा बालकको नामकरण बालक जन्मिएको दिन र बारका आधारमा गरिएको पाइन्छ, जस्तै- सोमवार जन्मिने बालकको नाम सोमरा, मङ्गलवार जन्मिने बालकको नाम मङ्गरा, बुधवारको बुधवा, शुक्रवारको शुक्रा, शनिवारको शनिचरिया/शनिचरवा, आइतावारको एतवा/एतवी।

### ६.२ विवाह संस्कार

कालचिनी क्षेत्रका आदिवासी समाजमा विवाह संस्कार १८ वर्षदेखि उँभोको उमेरका केटा-केटीहरूको निम्ति उपयुक्त मानिन्छ। आदिवासी समाजमा वर पक्षकाले कन्या पक्षकालाई हेर्न जाने प्रथा रहेको छ। उनीहरूको विवाह संस्कारमा दहेज अर्थात् दाइजो दिने प्रथा भने पाइँदैन। कन्यालाई वर पक्ष हेर्न आउँदा वर पक्ष र वधू पक्षका बुढा-पाका र आमा-बाबाले नै कुरा चलाउने गर्छन्। दुवै पक्षको सहमतिमा नै विवाह सम्पन्न गराइन्छ। केटी हेर्ने वा केटी माग्ने प्रथालाई उनीहरू **घर देखना** भन्छन्। **घर**

१५. कालचिनी क्षेत्र निवासी र कालचिनी बङ्गाल सारना समाजका सदस्य जावाल बाघवारबाट प्राप्त जानकारी, दिनाङ्क २१.०४.२०१६

**देखना** भएपश्चात् कुरा पक्का गरिन्छ त्यसलाई उनीहरू **लोटा पानी** गर्नु भनेर भन्छन्। **लोटा पानी** गरेपछि गाउँका पाहन, आफन्त बुढा-पाकाहरूद्वारा पिपलको वृक्षमा भावी विवाहित जोडाद्वारा धागो बाँध्ने प्रथाको पालन गरिन्छ। यस्तो धागो बाँध्ने प्रथालाई **सूत बन्धनी** भनिन्छ। **सूत बन्धनी** गर्दा गाउँका केही अनुभवी व्यक्ति, पाहन, महतो एवम् आफन्तहरूको उपस्थिति अनिवार्य मानिन्छ।

**सूत बन्धनी** भएपश्चात् वर र वधू पक्षका आफन्तहरूले आफ्ना खुसीले केही उपहार विवाहित जोडालाई दिने प्रथा रहेको छ। यस प्रथालाई उनीहरू **चुम्मन** भन्छन्। यसरी **लोटा पानी** र **सूत बन्धनी** भएपश्चात् **मडवा गाडना** संस्कार पालन गरिन्छ। **मडवा गाडना** संस्कार बिहेको मण्डपमा भुइँ खनेर त्यसमा पानी र कोदो (मडवा) हाली मनाइने प्रथा हो। यस प्रथामा नव विवाहित वरले मण्डपमा नै मडवा अर्थात् कोदो गाडेको ठाउँमा तलवारले काट्ने गर्छन्। यस्तो प्रथाको पालन गरे वैवाहिक जीवन सुखमय हुन्छ भन्ने विश्वास यिनीहरूमा पाइन्छ।

कालचिनी क्षेत्रका आदिवासी समाजमा मागी विवाह, भागी विवाह, प्रेम विवाह र विधवा विवाह चारै प्रकारका विवाह प्रथाको स्वीकृति पाइन्छ। यिनीहरू मागी विवाहलाई **सगाई विवाह**, भागी विवाहलाई **भागा-भागी या फरारी विवाह**, प्रेम विवाहलाई **ढुकु विवाह** र विधवा विवाहलाई **विधवा विवाह** नै भन्ने गर्छन्।

आदिवासी जातिमध्ये उरावँ जातिमा विशेषत: केटीहरूका घरमा नै विवाह सम्पन्न गरिन्छ। वधू पक्षको आर्थिक अवस्था राम्रो नभए मात्र वर पक्षद्वारा विवाह गरिन्छ।[१६]

### ६.३ मृत्यु संस्कार

आदिवासी समाजमा घरको कुनै व्यक्तिको वा आफन्तको मृत्यु भए उनीहरू १० दिनसम्म जुठो बार्ने गर्छन् र १० दिनपश्चात् विधिविधानसँग मृतक व्यक्तिका नाममा श्राद्धकर्म गरिन्छ। आदिवासी समाजमा **गाड्ने र जलाउने** गरी दुई तरिकाले मृतकको संस्कार गरिन्छ। आर्थिक रूपमा विपन्न परिवार गाड्ने प्रथाको अनुसरण गर्छन्। पानीमा डुबेर भएको मृत्यु, आगामा जलेर भएको मृत्यु, गर्भवती महिला र साना नानीहरूको मृत्यु भए उनीहरू गाड्ने गर्छन्। यिनीहरूका समाजमा मृत व्यक्तिलाई जलाउन र गाड्नका निम्ति एउटा निश्चित ठाउँ राखिएको हुन्छ। त्यसलाई उनीहरू **मसडा** भन्छन्। अगति परेर मरेकी स्त्रीलाई उनीहरू मसडामा नलगी गाउँदेखि धेरै टाढा लगेर गाड्ने गर्छन्। उनीहरूको विश्वासअनुसार अगति परेर मरेकी स्त्रीलाई **मसडा**मा गाडे गाउँमा अशान्ति हुन्छ। यस्ता स्त्रीहरू मृत्यु भएपश्चात् **चुडैल** बनी सम्पूर्ण गाउँलाई सताउँछन् भन्ने लोकविश्वास रहेको छ। गाउँमा कुनै राम्रो कार्य

---

१६. बाङ्गाबाडी लोक मन्च सांस्कृतिक सङ्का अध्यक्ष र कालचिनी क्षेत्र निवासी धर्मु उराँवबाट प्राप्त जानकारी, दिनाङ्क २१.०४.२०१६

गर्दा हठात् कसैको मृत्यु भए पाहनद्वारा लासलाई मसडामा लगी अन्तिम संस्कार र **छुतका** वा गाउँलाई शुद्ध गरेपश्चात् नै राम्रो कार्यलाई अघि बढाइन्छ। अन्तिम संस्कार गरेपश्चात् पाहनद्वारा मृतक व्यक्तिको आत्मालाई घरमा बोलाइन्छ। समयमा मरेको व्यक्तिको आत्माले घर परिवारलाई भूत-प्रेतबाट बचाएर राख्छ भन्ने यिनीहरूको विश्वास रहेको छ। घरमा कुनै व्यक्तिको मृत्यु भएकै दिन बालक वा पशुको जन्म भए मृतक व्यक्तिले नयाँ रूपमा जन्म लिएको हो भन्ने विश्वास रहेको छ। घरका विधवाले लोग्ने मरेको एक वर्षसम्म मृतक व्यक्तिको सम्झनामा सेतो लुगा लगाउने चलन छ।

## ७. निष्कर्ष

कालचिनी क्षेत्र विभिन्न जाति, धर्म, संस्कृति पालन गर्ने मानिसहरू बसोबास गर्ने क्षेत्र हो। यस क्षेत्रमा आदिवासी वा सादरी भाषीका अतिरिक्त नेपाली, मेचे, राभा, बङ्गाली आदि जाति बसोवास गर्छन्। यस क्षेत्रका आदिवासी जातिको आयको मुख्य स्रोत चियाकमान नै रहेको छ। यसका अतिरिक्त उनीहरू गाई-बाख्रा, कुखुरा, सुँगुर इत्यादि पालेर अनि खेतबारी हुनेहरूले सागसब्जी, धान, कोदो इत्यादि रोपेर आफ्नो आर्थिक स्थिति सुधार्ने प्रयास गरिरहेका छन्। पेसागत रूपमा उनीहरू विदेश, तथा भारत र भुटानका सिमानामा गएर राजमिस्त्री, बलुवा/ढुङ्गा, सिमेन्ट बोकेर आफ्नु जीविका चलाई रहेका छन्। वर्तमान समयमा यस क्षेत्रका कतिपय आदिवासी समाजका शिक्षित वर्ग सरकारी स्कुल, कलेजतिर काम गर्ने गरेको देख्न पाइन्छ। यसका अतिरिक्त सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा पनि उनीहरू क्रियाशील रहेको देख्न पाइन्छ।

## सन्दर्भ ग्रन्थ सूची


१. ए मिंज, सन् २०११, **कुडुख ग्रंथ**, डा कामिल बुल्के पथ, राँची, कैथोलिक प्रेस

२. कृष्णप्रसाद पराजुली (सम्पा), नवौं संस्करण, वि स २०७२, **नेपाली वृहत शब्दकोश**, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान

३. चूडामणि बन्धु, वि स २०६६, **नेपाली लोकसाहित्य**, काठमाडौं, एकता बुक्स, प्रा लि

४. पीटर शान्ति नवरंगी ये स, संस्करण र प्रकाशन साल अप्रकाशित, **नागपुरी सदानी बोली का व्याकरण**, राँची, मुद्रक काथलिक प्रेस

५. भुवनेश्वर अनुज, तृतीय संस्करण, २०१३, **नागपुरी लोक साहित्य**, झारखण्ड झरोखा, राँची

६. महानन्द सापकोटा (सम्पा), प्रकाशन वर्ष अप्रकाशित, **नेपाली शब्द परिचय**, विराटनगर, जानुका पुस्तक भण्डार, पृ स १७८

७. विश्वेश्वर प्रसाद केशरी, सन् १९७१, **नागपुरी भाषा र साहित्य**, राँची
८. वीर भारत तलवार, सन् २००८, **झारखंड के आदिवासियों के बीच एक एक्सीविष्ट के नोट्स**, नयी दिल्ली, भारतीय ज्ञानपीठ
९. शकुन्तला मिश्र र डा उमेश नन्द तिवारी (सम्पा), दोस्रो संस्करण, सन् २०१३, **नागपुरी (सदानी) व्याकरण**, राँची, झारखण्ड झरोखा
१०. हेमाङ्गराज अधिकारी(सम्पा), वि स २०६६, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं, विद्यार्थी प्रकाशन प्रा लि

**क्षेत्रीय कार्यालय, कालचिनीबाट सङ्ग्रहित तथ्याङ्कादि।**

**अभिज्ञानमा**

- नेपालीमा लेखिएका प्राज्ञिक शोध, समीक्षा एवम् चिन्तनमूलक मौलिक लेखहरू प्रकाशित गरिन्छ।
- सम्बन्धित विषयका विशेषज्ञको परामर्श लिएर मात्र लेखको प्रकाशनीयताबारे निर्णय लिइन्छ।
- प्रकाशनका लागि लेख पठाउँदा एमएलए ह्यान्डबुक फर राइटर्स अफ रिसर्च पेपर्समा निर्धारित संयोजन-विधि तथा लेखन-शैलीअनुसार लेखी त्यसलाई देवनागरी लिपिको प्रयोजनअनुकूल पार्न प्रोफेसर चूडामणि बन्धुको अनुसन्धान तथा प्रतिवेदन लेखन (२००८) अनुसार संयोजन गरेर लेखिएको हुनुपर्छ।
- सन्दर्भ-स्रोत तथा सामग्री आदिबारे विवरण दिँदा सन्दर्भात्मक पाद-टिप्पणीका रूपमा सम्बन्धित पृष्ठका फेदमा नाम-थर-कृति क्रममा दिइएको हुनुपर्छ। पाठभित्र निक्षेपमूलक पाठांश वा वाक्यहरू राखिनु हुँदैन।
- केही संशोधन र थपथाप गर्दा प्रकाशनयोग्य हुने ठहर गरिएको लेख आवश्यक थपथाप र संशोधन गरी पुनः पठाउन लेखकलाई अनुरोध गरिनेछ।
- लेख पठाउँदा एउटा छोटो अनुच्छेदभित्र त्यसको सार लेखी एक वा दुई वाक्यमा लेखकको आफ्नो परिचयसमेत समेटेर पठाउनुपर्छ।
- शोध-पत्रका निम्ति निर्दिष्ट ढाँचामा कम्प्युटरीकरण गरिएको लेखको एउटा मुद्रित प्रतिसँगै त्यसको पिडिएफ प्रारूप अथवा मङ्गल फोन्टमा तयार गरिएको माइक्रोसफ्ट वर्ड फाइलको एउटा सिडी पनि सम्पादक, अभिज्ञान, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय, सिलगढी-७३४०१३ कहाँ पठाउनुपर्नेछ।
- एकरूपताका निम्ति लेखमा प्रयुक्त भाषा-शैली, वस्तु-संयोजन आदिको आद्योपान्त सम्पादन र संशोधन सम्पादकद्वारा गरिनेछ।
- लेखमा कुनै प्रकारले कपिराइटको उल्लङ्घन भएमा त्यसको सम्पूर्ण जिम्मेवारी लेखकको हुनेछ। पत्रिकाका सम्पादक, प्रकाशक, मुद्रक कोही पनि त्यसका निम्ति जिम्मेवार हुने छैनन्।